नगर कार्यपालिकाको
बैठक संख्या: ५८, २०७९-२०८४
मिति २०८२/०३/०५ को
निर्णय प्रमाणित ...............

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५८, २०७९-२०८४)

मिति : २०८२ असार ०५ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिकाको मिति २०८२ बैशाख १० गते बसेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट तयार गरिएको वडागत तथा क्षेत्रगत बजेट सीमालाई अनुमोदन गर्ने र स्रोत अनुमान समितिको निर्णय कार्यान्वयन गर्नुका साथै सीमा भित्र रही तर्जुमा गरिएका बजेट तथा कार्यक्रमलाई आगामी नगरसभामा पेश गर्ने ।

३. आगामी आर्थिक वर्ष २०८२/०८३ को सत्रौं नगरसभामा पेश गर्न प्रस्ताव गरिएको नीति तथा कार्यक्रम माथी बुँदागत रुपमा छलफल गरियो। छलफलको क्रममा प्राप्त सुझावहरुलाई समेटी अन्तिम रुप दिई नगर सभामा पेश गर्ने।

४. आगामी आर्थिक वर्ष २०८२/०८३ को यस नगरपालिकाको राजश्व तथा व्यय अनुमान बजेटका विषयमा छलफल भयो । पेश भएको राजश्व तथा व्यय अनुमान अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

५. नगरपालिका अन्तर्गतका शाखा/ उपशाखाहरुको विषयगत समितिबाट निर्णय भई आएका एवं वडा सिलिङ्मा विनियोजित बजेट अन्तर्गतका विभिन्न वडाहरुबाट प्राप्त बजेट योजना तथा कार्यक्रमहरुको बारेमा बुँदागत रुपमा छलफल गरियो । बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन एवं नेपाल सरकारको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को अनुकुल हुने गरी शाखा/ उपशाखा एवं वडाका बजेट तथा कार्यक्रममा आवश्यक संशोधन सहित वार्षिक आय तथा व्ययको विवरण सहितको बिनियोजन विधेयक, २०८२ अनुमोदन गरी नगर सभामा पेश गर्ने।

६. यस नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८२/०२/१९ गतेको बैठकको निर्णय अनुमोदन गरी करका दरहरु अनुमोदन गर्ने। उक्त करका दरहरुका विषयमा प्राप्त सुझाव समेतलाई समेटी आर्थिक विधेयक, २०८२ अनुमोदन गरी आगामी नगर सभामा पेश गर्ने।

७. आ.ब. २०८२/०८३ का लागि वडा तथा शाखाहरुको बजेट योजना तथा कार्यक्रमहरु, विभिन्न विषयगत समितिबाट प्राप्त भएका योजना तथा कार्यक्रमहरुका सम्बन्धमा थप छलफल गरियो । बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णयहरु अनुमोदन गर्ने ।

८. नगरसभाको सत्रौं अधिवेशनको मिति २०८२/०३/०७ गतेको पहिलो बैठकमा पेश हुने एजेण्डाहरुका विषयमा बैठकका सदस्यहरुलाई जानकारी गराईयो । साथै बैठकको कार्यसूची माथी छलफल भई कार्यसूचीलाई अन्तिम रुप दिइयो ।

पूर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५८, २०७९-२०८४
मिति २०८२/०३/०५ को
निर्णय प्रमाणित ................

९. यस नगरपालिका अन्तर्गत रहेका देहायका विभिन्न समितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क. आर्थिक विकास समितिको मिति २०८१/१०/०६ र २०८२/०२/०८ गतेको निर्णयहरु
ख. विपद व्यवस्थापन समितिको २०८२/०२/१९ र २०८२/०३/०४ गतेको निर्णयहरु
ग. शिक्षा समितिको मिति २०८२/०३/०१ गतेको निर्णयहरु
घ. भूमी सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०८२/०१/२२ र २०८२/०३/०३ गतेको निर्णयहरु

१०. विद्यायन समितिको सिफारिस बमोजिम पेश भएका कार्यबिधीहरुमा प्राप्त राय सुझाव समेटी देहायका नीति, योजना, एवं कार्यबिधी स्वीकृत गर्ने ।

क. नगर युवा परिषद कार्यबिधी, २०८२
ख. कोहलपुर नगरपालिकाको नगर आम सञ्चार नीती, २०८२
ग. कोहलपुर नगरपालिकाको रोजगार रणनीतिक योजना २०८२/८३-२०८५/८६
घ. कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) (तेस्रो संशोधन) नियमावली, २०७९

११. यस नगरपालिका भित्र गठन हुने उपभोक्ता समितिहरुलाई उपभोक्ता समिति मार्फत संचालन हुने योजनाको बारेमा जानकारी गराउने उद्देश्यले तर्जुमा गरिएको "उपभोक्ता समितिलाई निर्माण पूर्व र निर्माण पश्चात अभिमुखिकरण तालिम संचालन निर्देशिका, २०८२" लाई स्वीकृत गर्ने ।

१२. श्री शिव शक्ति आधारभूत विद्यालय, कोहलपुर २ लाई शैक्षिक अवलोकन भ्रमण कार्यका लागि सि.नं. ४१३ रोष्टर सहितको विद्यालय सुपरीवेक्षण र परीक्षा अनुगमन निरीक्षण शीर्षकमा बिनियोजित रकम मध्येबाट रु.६५,०००।– उपलब्ध गराउने ।

१३. यातायात कार्यालय, कोहलपुर, बाँकेलाई कार्यालय व्यवस्थापनका लागि पर्दा, डोरम्याट लगायतका फर्निसिङ सामाग्री खरिद गरे बमोजिम कार्यालय व्यवस्थापन तथा मसलन्द शीर्षकबाट रु.३६,७३६।३० भुक्तानी दिने ।

१४. कोहलपुर न.पा. वडा नं. १२ आधारभूत स्वास्थ्य केन्द्रमा ए.सि. खरिद एवं जडान गरे वापत स्वास्थ्य शिविरमा विनियोजित ५० हजार मध्येबाट ए.सि. खरिदका लागि अपुग रकम कार्यालय व्यवस्थापन तथा मसलन्द शीर्षकबाट रु.२३,४५०।- भुक्तानी दिने ।

१५. नगर कार्यपालिकाको मिति २०८१/०७/१४ को बैठकबाट स्वास्थ्य बिमा शुभारम्भ कार्यक्रममा टेण्ट लगायत सामाग्री उपलब्ध गराए वापत विनोद लाईट एण्ड टेन्ट हाउस, शम्सेरगंज ७, हवलदारपुर, बाँकेलाई बील बमोजिम रु.३९,५००।– भुक्तानी दिने निर्णय भएकोमा उक्त रकम सि.नं. ५१ विविध खर्च शीर्षकबाट भुक्तानी दिने ।

१६. यस नगर कार्यपालिकाको मिति २०८२/०२/०९ मा भूमि आयोगको जिल्ला समितिद्वारा सम्पन्न हुने कार्यका लागि रु ३,१७,४६०।– उपलब्ध गराउने निर्णय भएकोमा सोही रकमबाट खर्च हुने गरी भूमी आयोग, जिल्ला समितिलाई रु.१,०१,७००।– बराबरको फर्निचर खरिद गरी उपलब्ध गराउने ।

नगर कार्यपालिकाको
बैठक संख्याः ५८, २०७९-२०८४
मिति २०८२/०३/०५ को
निर्णय प्रमाणित ...............

१७. वर्षातको समयका कारण नगरपालिका भित्र रहेका वडाको विभिन्न स्थानमा आवतजावतमा समेत कठिनाई भई तत्काल ग्राभेल एवं ह्युमपाईप राख्नुपर्ने देखिएकाले भैपरी आउने पुँजिगत शीर्षकबाट खर्च हुने गरी नगरपालिकाबाट तोकिएको स्थानहरुमा ग्राभेल उपलब्ध गराई बिछ्याउने कार्यका लागि रु.१०(दस) लाख र ह्युमपाईप खरिद एवं जडान कार्य वापत रु.१०(दस) लाख उपलब्ध गराउने ।

१८. यस नगरपालिका र नेपाल विद्युत प्राधिकरणको लागत साझेदारीमा कोहलपुर नगरपालिकाका विभिन्न स्थानमा मास्ट लाईट जडानका लागि पालिकाको तर्फबाट व्यहोर्नुपर्ने कबोल अंकको ६५% लागत साझेदारी रकम रु.२६,७५,३९२।९२ समपुरक कोषबाट नेपाल विद्युत प्राधिकरणलाई पेश्की स्वरुप उपलब्ध गराउने ।

१९. यस नगरपालिका र भु तथा जलाधार व्यवस्थापन कार्यालय, तुल्सीपुर, दाङको साझेदारीमा कोहलपुर नगरपालिका वडा नं. १३ सिमरीको भाग्रा खोलामा रहेको कल्भर्ट तथा वरपरको बस्ति तथा खेतियोग्य जमिन कटान भई क्षति पुगेकाले उक्त स्थानमा तटबन्धन कार्यका लागि यस नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने लागत साझेदारी रकम भैपरी आउने पुँजिगत शीर्षकबाट रु.२(दुई) लाख उपलब्ध गराउने ।

२०. यस नगरपालिका भित्र रहेको देहायको स्वास्थ्य संस्थाले सञ्चालन अनुमतिका लागि निवेदन पेश गरेकोमा स्वास्थ्य मापदण्ड पुरा भएकाले अनुगमन प्रतिवेदन समेतका आधारमा देहाय बमोजिम सञ्चालन अनुमति प्रदान गर्ने।

| सि.नं | स्वास्थ्य संस्थाको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | एच. एण्ड एच. हस्पिटल प्रा.लि., कोहलपुर ११, बाँके | नयाँ दर्ता(१ वर्ष) १५ बेड |

२१. कोहलपुर नयाँ बसपार्कमा रहेको टर्मिनल भवनको ठेक्का व्यवस्थापनका लागि न्युनतम लागत अनुमान वार्षिक रु.८७,३३,०००।- कायम गरी १५ वर्षको समय अवधी राखी सूचना प्रकाशन गर्ने र कोहलपुर ११ गोलपार्क स्थित भ्यू टावरको लागि न्युनतम लागत अनुमान वार्षिक रु.१५,००,०००।- कायम गरी १५ वर्षको समय अवधी राखी सूचना प्रकाशन गर्ने ।

२२. मिति २०३२ सालदेखि २०३९ सालसम्म कोहलपुर नगरपालिका वडा नं. ८ र ९ को ठेगानामा कोहलपुर ४ उल्लेख भएको र सो अवधिमा त्यस वडामा बनेका नागरिकता, लालपुर्जा प्रमाणपत्रमा ठेगाना कोहलपुर ४ उल्लेख भएको हुँदा सो अवधिको कोहलपुर ४ हाल कोहलपुर नगरपालिका वडा नं. ८ र ९ भएको हुँदा सोही बमोजिम सम्बन्धित ठाउँमा आवश्यकता अनुसार सिफारिस गर्ने ।

२३. शैक्षिक सत्र २०८२ को स्थानीय पाठ्यपुस्तक अनुदानका लागि आ.व. २०८१/०८२ मा नगरपालिकाको आन्तरिकतर्फ स्रोत व्यवस्थापन नभएकाले कोहलपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरूको लागि स्थानीय विषयको पाठ्यपुस्तक हाम्रो कोहलपुरको निशुल्क अनुदानका लागि आवश्यक पर्ने जम्मा रकम रु.७,८२,३८०।-(अक्षेरुपी सात लाख बयासी हजार तीन सय असी रुपैयाँ मात्र) आ.व. २०८१/०८२ को शिक्षातर्फ सशर्त अन्तर्गतको सि.नं. ७१०-७१२ मा सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषयसमेत) शीर्षकबाट भुक्तानी दिने ।

नगर कार्यपालिकाको
बैठक संख्याः ५८, २०७९-२०८४
मिति २०८२/०३/०५ को
निर्णय प्रमाणित ...............

२४. कोहलपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत सशर्त तथा आन्तरिक स्रोतबाट तलबभत्ता खाने शिक्षकहरूको प्राविधिक कारणले ज्येष्ठ र असार महिनाको इ-हाजिरीमा समस्या देखिन गई केही दिनको तलब कट्टा गरिएको हुँदा अन्तिम पटकको लागि इ-हाजिरीमा विवरण अद्यावधिक गरी छुट तलब भत्ता भुक्तानी गर्ने ।

२५. यस नगरपालिकाको एघारौं नगर सभाको मिति २०७९/०३/०८ को बैठकबाट निर्णय भई गठन भएको लेखा समिति संयोजक श्री गोमा कुमारी खनाललाई कार्यपालिकाबाट गठित विषयगत समितिका संयोजक सरहको सेवा सुबिधा निर्णय मिति २०७९/०३/०८ देखि उपलब्ध गराउने ।

२६. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित कोहलपुर नगर विकास क्षेत्रभित्र रहेका ६ वटा हाईमास्ट बत्तिको विद्युत महसुल भुक्तानीका लागि कोहलपुर नगर विकास समिति, योजना कार्यालयलाई अनुरोध गर्ने।

२७. कोहलपुर न.पा. वडा नं. १० कालिकानगर नेत्र काफ्लेको घरदेखि ११ नं. वडाको सिमानासम्म अधुरो नाली निर्माण कार्यको सि.नं. १०३ विभिन्न वडामा नाली निर्माण शीर्षकबाट ३,००,०००।- भुक्तानी गर्ने।

२८. कोहलपुर न.पा. वडा नं. ५ बिभिन्न वडामा नाली निर्माण कार्यको सि.नं. १०३ विभिन्न वडामा नाली निर्माण शीर्षकबाट ४,६७,६४५।- भुक्तानी गर्ने ।

२९. श्री शिव शक्ति प्रा.बि., कोहलपुर २, बाँके र ने.रा.आ.बि., कोहलपुर ७, बाँकेमा सि.सि.टि.भि. क्यामेरा खरिद एवं जडानका लागि क्याम्पस, पुस्तकालय, विद्यालय तथा अन्य धार्मिक तथा सामाजिक स्थलहरुमा विविध पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट लागत अनुमान रकम रु.९,९४,१८५।३० मा नबढने गरी भुक्तानी दिने ।

३०. यस कार्यालयमा लामो समयदेखि दैनिक ज्यालादारीमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई करार सेवामा नियुक्ति गर्ने सम्बन्धि प्रस्ताव नगरसभामा पेश गर्ने ।
क) समिर रेग्मी - सब ईन्जिनियर(सहायक पाँचौ)
ख) उमेश कुमार शर्मा – कम्प्युटर अपरेटर(सहायक पाँचौ)
ग) सुष्मा बि.क. – अपाङ्ग सहजकर्ता(सहायक तेस्रो तह)

३१. जिल्ला समन्वय समितिको च.नं. २१५ मिति २०८२/०२/१६ को समितिको कार्यालय परिसरमा रहेको शिव मन्दिरमा पुजाआजा गर्दै आउनुभएका पुजारी श्री रमेश मिश्रलाई जिल्ला सभाको मिति २०८१/१०/३० को निर्णय बमोजिम यस पालिकाबाट माग भई आएकोमा भैपरी आउने चालु शीर्षकबाट रु.३०,०००।- गराउने ।

३२. कोहलपुर नगरपालिका भित्रको जग्गा वर्गिकरण तथा भु उपयोग योजना निर्माण कार्यका लागि यस नगरपालिका र डि.वाई.डि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. बीच सम्झौता भएकोमा उक्त कार्यको भुक्तानीका लागि अपुग भएको रकम रु.४(चार) लाख कन्टेन्जिन्सी बाट भुक्तानी गर्ने ।

३३. वडा नं. १२ को विभिन्न ठाउँमा ग्राभेल कार्यका लागी भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट रु.२,५०,०००।- उपलब्ध गराउने ।

नगर कार्यपालिकाको
बैठक संख्याः ५८, २०७९-२०८४
मिति २०८२/०३/०५ को
निर्णय प्रमाणित ................

३४. कोहलपुर नगरपालिकाले कार्यान्वयनमा ल्याएको विद्यालयमा करारमा खेलकूद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०८१ तथा शिक्षण सिकाइ सहजकर्ता परिचालन कार्यविधि, २०८० मा आंशिक संशोधन गर्ने।

३५. आ.ब. २०८१/०८२ को शाखा एवं वडा सिलिङ्मा विनियोजित तपसिल बमोजिमका शाखा एवं वडा समितिबाट निर्णय भै आएका योजना/कार्यक्रम संशोधन/ रकमान्तर एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

| वडा नं. ८ (वडा समितिको मिति २०८२/०३/०१ को निर्णय) | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित/रकमान्तर योजनाको नाम | रकम रु. | कैफियत |
| १ | भैपरी आउने तथा विविध खर्च (सि.नं.२२५) बाट | कार्यालय संचालन | ४४,००० | |
| वडा नं. २ (वडा समितिको मिति २०८२/०३/०५ को निर्णय) | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित/रकमान्तर योजनाको नाम | रकम रु. | कैफियत |
| १ | भैपरी आउने तथा विविध खर्च (सि.नं. १३१) मध्येबाट | २ नं. वडा भित्रका अव्यवस्थित सुकुम्बासीहरुको फाईल खोजी, व्यवस्थापनमा खटिएका व्यक्तिको पारिश्रमिक एवं विविध खर्च (राम सिंह बि.क., देवी धामी) | ५०,००० | |
| वडा नं. १२ (वडा समितिको मिति २०८२/०३/०३ को निर्णय) | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित/रकमान्तर योजनाको नाम | रकम रु. | कैफियत |
| १ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन (सि.नं. ३१२) र विविध खर्च (सि.नं. ३०३) मध्येबाट | वडा नं. १२ को विभिन्न ठाउँमा ग्राभेल | २,००,००० | |
| | | वडा नं. १२ को वडा कार्यालयमा ३ वटा ए.सि. खरिद एवं जडान | २,३८,००० | |
| वडा नं. ९ (वडा समितिको मिति २०८२/०३/०३ को निर्णय) | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित/रकमान्तर योजनाको नाम | रकम रु. | कैफियत |
| १ | भैपरी आउने तथा विविध खर्च (सि.नं.२५०) बाट | कार्यालय संचालन तथा प्रशासनिक खर्च | २२,००० | |

पुर्णप्रसाद आचार्य
नगर प्रमुख